# फाल्गुनन्द गाउँपालिका नर्सरी व्यवस्थापन कार्यविधि,२०७७

कार्यपालिकाबाट प्रमाणीकरण मिति २०७७/९/३

फाल्गुनन्द गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा, फाल्गुनन्द
१ नं. प्रदेश नेपाल

# फाल्गुनन्द गाउँपालिका नर्सरी व्यवस्थापन कार्यविधि,२०७७

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः-२०७७/९/३

प्रस्तावनाः

ग्रामिण क्षेत्रको भुगोल भएका क्षेत्रमा फलफूलको बेर्ना उत्पादन गरि कृषकहरुलाई सहज रुपमा वितरण गरेर फलफूल उत्पादन लाई बढुवा दिँदै कृषकहरुलाई व्यवसायी बनेर आर्थिक रुपमा मजबुद बनाउने उद्देश्य साथै दिर्घकालिन रुपमा कृषकहरुको फलफुल खेती बाट नाफामुलक आयआर्जन गर्ने हेतुले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा (११) को उपदफा (ण) बमोजिम यस कार्यविधि जारी गरीएको छ। फलफुलको विरुवा उत्पादन गरि कृषकहरुलाई वितरण गर्ने र नर्सरी व्यवस्थापन लाई कार्यान्वयनमा ल्याउन आ.व २०७७/०७८ को बजेट बाट संचालन साथै एक रुपता ल्याउन बनाईएको कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुने छ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (क) यस कार्यविधिको नाम" फाल्गुनन्द गाउँपालिका नर्सरी व्यवस्थापन कार्यविधि २०७७" रहनेछ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "गाउँपालिका" भन्नाले फाल्गुनन्द गाउँपालिका पाँचथरलाई सम्झनु पर्नेछ।

ख. "कार्यपालिका" भन्नाले फाल्गुनन्द गाउँ कार्यपालिका पाँचथरलाई सम्झनु पर्नेछ।

ग. "अध्यक्ष" भन्नाले फाल्गुनन्द गाउँपालिका अध्यक्ष भन्ने सम्झनुपर्नेछ।

छ. "उपाध्यक्ष" भन्नाले फाल्गुनन्द गाउँपालिका उपाध्यक्ष भन्ने सम्झनुपर्नेछ।

ङ. "प्रमुख पशासकीय अधकृत" भन्नाले फाल्गुनन्द गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

च. "स्थानीय सरकार" भन्नाले फाल्गुनन्द गाउँपालिका वा नेपाल सरकारले तोकेको स्थानिय तहलाई सम्झनुपर्नेछ।

ज. "नर्सरी" भन्नाले फलफूलको विरुवा उत्पानदन गर्नका लागि तयार गरिएको ठाँउ लाई सम्झनु पर्दछ।

झ. "कृषक" भन्नाले यस गाउँपालिकामा स्थायी वा अस्थायीबासोबास गर्ने सम्पुर्ण कृषकहरुलाई सम्झनु पर्छ।

ञ. "कृषक समुह" भन्नाले गाउँपालिकामा नियमानुसार दर्ता भएका वा सो भन्दा अघि विषयगत रुपमा दर्ता भएका कृषक समुह सम्झनु पर्दछ। यसमा विभिन्न समुह सेवाका समेतलाई जनाउदछ।

ट. "कृषि" भन्नाले आफ्नो जिवन चलाउन भुमिमा पशु तथा कृषि जन्य फसल उत्पादन गर्न गरिने क्रियालाई कृषि भनिन्छ।

ठ. "कृषि ईकाइ" भन्नाले फाल्गुनन्द गाउँपालिका कृषि इकाईलाई सम्झनु पर्छ।

ड. "अनुदान" भन्नाले यस कार्यक्रम/नर्सरी बाट उत्पादन गरिएका विरुवा कृषक तथा कृषक समुहहरु लाई सरकारी मुल्यको ७५ प्रतिशत छूटमा वितरण गरिगरिने सहायता लाई सम्झिनुपर्दछ।

ण. "प्रस्तावना"भन्नाले संघ,प्रदेश सरकार,स्थानीय सरकार वा अन्य विभिन्न निकायबाट आव्हान भएका सुचनाहरु समेतलाई जनाउदछ।

त. "कार्यक्रम"भन्नाले अनुदानमा बेर्ना वितरण तथा नर्सरी व्यवस्थापन सम्बन्धि विभिन्न कार्यक्रम भन्ने सम्झनुपर्दछ।

ठ. "लक्षितवर्ग उत्पादन भएका विरुवा वितरणको हकमा" भन्नाले गाउँपालिका भित्रका सम्पुर्ण कृषक,कृषक समुह तथा कृषि सहकारीहरु लाई सम्झनुपर्दछ।

द. "साझेदारी" भन्नाले विभिन्न कार्यक्रम संञ्चालनका लागि सरकारी तथा गैह्र सरकारी र निज स्वयम् किसान बीचको द्धिपक्षीय बहुपक्षीय सम्झौतामा संञ्चालन हुने कार्यक्रमहरुको साझेदारी सम्झनुपर्दछ।

ध. "विषयगत निकाय" भन्नाले फाल्गुनन्द गाउँपालिका कृषि विकास इकाई सम्झनु पर्दछ।

न. "व्यवस्थापन" भन्नाले नर्सरी स्वलको हेरचाहका लागि गरिने मानविय व्यवस्था हो।

## परिच्छेद २

## कार्यक्रमको उद्देश्य र जग्गा सम्बन्धी व्यवस्था

३. कार्यक्रमको उद्देश्य:

१. गाउँपालिका भित्र बातावरण अनसार लगाउन सकिने फलफूल तथा बालीका बिरुवा उत्पादन गरी फलफूल खेती विस्तार साथै कृषकहरुलाई अनुदानमा विरुवा वितरण गरेर कृषकहरुको आर्थिक भार कम गर्ने।

२. कृषकहरुको खेतीपाती प्रणालीमा सुधार ल्याई कृषिमा विकास गरि उत्पादन र उत्पादकत्वमा बृद्धि गरी दिगो र फराकिलो आर्थिक विकास गर्न।

३. कृषिको माध्यम बाट बातावरणीय सन्तुलन कायम राख्नु।

४. नेपाल सरकारको लक्ष्य अनुरुप कृषि जन्य बस्तुमा गाउँपालिकालाई आत्मनिर्भर बनाई वित्तिय श्रोतको पहुँचमा टेवा ल्याउन।

५. फलफूलको उत्पादन र गुणस्तर लाई कायम राख्नु।

६. फलफूल खेती प्रति कृषकलाई आकर्षित गर्नु।

५. विरुवा वितरणमा अनुदान रकमको सिमा

यस कार्यक्रममा गाउँपालिका स्तरिय नर्सरी बाट उत्पादन गरिएका सम्पुर्ण किसिमका विरुवाहरु नेपाल सरकारले तोकेको मुल्यमा बढिमा ५० प्रतिशत देखि ७५ प्रतिशत सम्म अनुदान रकम प्रदान गरिने छ।

४. जग्गा सम्बन्धी व्यवस्थाः

क) नर्सरी स्थापनागर्दा गाउँपालिकाले आफ्नै जग्गामा गर्नु पर्नेछ ।

ख) उपदफा (क) बमोजिम आफ्नो जग्गा नभएको हकमा जग्गाधनिसँग कम्तिमा १० वर्षको लागि लिज सम्झौता गर्नु पर्नेछ ।

## परिच्छेद ३

## अनुगमन समिति, कर्मचारी र सेवासुविधा सम्बन्धी व्यवस्थाहरु

४. अनुगमन तथा मुल्यकङ्कन समितिः

१) गाउँपालिका स्तरिय नर्सरी नियमन गर्न गाउँकार्यपालिकाले कुनै कार्यपालिका सदस्य,जननिर्वाचित प्रतिनिधी वा विषयगत निकायका पदाधिकारीबाट यस कार्यक्रमको प्रत्यक्ष अनुगमन गर्न सक्नेछ।

२) यस कार्यक्रमको कार्यान्वयनको अनुगमन मूल्याङ्कन गरि आगामी वर्षको कार्यक्रम कार्यन्वयन तथा दिगोपनाका लागि देहाय अनुसारको एक समिति रहने छ।

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| गाँउपालिका योजना शाखा प्रमुख | सदस्य |
| सम्बन्धित विषयगत इकाई प्रमुख | सदस्य सचिव |

३) अनुगमन तथा मूल्याङ्कन समितिको काम कर्तव्य र अधिकार

क. समय समयमा नर्सरीको अवस्था बारे अनुगमन गर्ने।

ख. कार्यरत कर्मचारी तथा नर्सरीको अवस्था बारे अनुगमन गर्ने।

ग. अनुगमनको क्रममा देखिएका तथ्यको आधारमा कार्यक्रमको प्रभावकारीता,पहुँच तथा समस्याको पहिचान तथा समाधान सहित सम्बन्धित निकायमा सुझाव सहित पेश गर्ने

घ. कार्यविधिको लक्ष्य तथा उदेश्य अनुरुप काम भएको वा नभएको प्रभावकारीता मूल्याङकन गरि आवश्यक कार्यक्रम तर्जुमा तथा निति तय गरी गाउँ कार्यपालिकामा पेश गर्ने।

ङ. कार्यपालिकाले तोकेको अन्य कार्यहरु गर्ने।

४) नर्सरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा गाउँपालिका अध्यक्षले आवश्यकता अनुसार जुसुकै समयमा अनुगमन, नियमन र रेखदेख गर्न सक्नेछ ।

५. बिरुवा वितरण संबन्धि सुचना तथा आवश्यक कागजातहरुः

क. यस कार्यक्रम संचालनका लागि सम्बन्धित कार्यालयले स्वीकृत बार्षिक कार्यक्रम अनुसार उत्पादन गरेका विरुवाहरु वितरणका लागि सार्वजनिक रुपमा अधिकतम कृषकहरुसम्म सुचनाको पँहुच पुग्ने

गरी आवेदन मागको लागि वर्षमा २ पटक(हिँउदे/वर्षे)फलफुल मागका लगि कम्तीमा १५ दिनको सुचना प्रसारण गर्नु पर्ने छ।

ख. उपदफा (१) बमोजिम प्राप्त आवेदन अनुसार कार्यलय संग भएका फलफुलको विरुवा सरकारी मुल्यमा ५० प्रतिशत वा  अनुदानमा कृषक तथा कृषक समुहहरुलाई वितरण गरिनेछ।

६. विरुवा मागका लागि आवस्यक कागजातहरु:

क. नागरिकत्ताको प्रतिलिपि

ख. जग्गा धनिपुर्जा प्रमाण पत्रको प्रतिलिपि

ग. वडा कार्यालयको सिफारिस

घ. निवेदन

७. नर्सरी व्यवस्थापनका लागि कर्मचारी व्यवस्थापन:

क. गाउँपालिका स्तरीय नर्सरी व्यवसेथापनका लागि "ज्यालादारीमा"कर्मचारी व्यवस्थापन गरिनेछ।

ख. यस कार्यक्रममा कृषि विकास ईकाइको बार्षिक बजेट बाट सम्पुर्ण कार्यक्रमहरुको व्यवस्थापन गरिने छ।

ग. नेपाल सरकार,प्रदेश सरकार अन्य स्थानीय तह वा अन्य निकायबाट यस सम्बन्धि रकमि प्राप्त भएमा समेत सो रकमबाट खर्च व्यवस्थापन गर्न सकिनेछ।

घ. गाउँपालिका स्तरीय नर्सरीमा ज्यालादरी कर्मचारी व्यबस्थापन यसै कार्यविधि २०७७ बमोजिम हुनेछ।

ङ. अन्य सेवा सुविधाको हकमा गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुने छ।

८. ज्यालादारी कर्मचारीको जिम्मेवारी तथा कार्यविवरण:

१) यस कार्यक्रममा नर्सरी निर्माण सम्बन्धि सम्पुर्ण कार्य गर्ने।

२) कार्यालयको निर्देशन अनुसार नर्सरीमा विरुवा लगाउने,हेरचाह,कृषकहरु लाई वितरण गर्ने लगायतका सम्पुर्ण कार्य गर्ने।

३) अन्य कार्य गर्नु परेमा कार्यालयको निर्देशन अनुसार गर्ने।

९. सेवा सुविधा प्रवाह तथा वित्तिय व्यवस्थापन:

१) यस गाउँपालिकाको गाउँपालिका स्तरीय नर्सरीमा व्यवस्थापन गरिएको ज्यालादारि कर्मचारीहरु लाई गाउँपालिकामा काम सुरु गरेको मिति बाट लागुहुने गरी अनुसुची २ बमोजिम सेवा सुविधा भुक्तानी हुने छ।

२) गाउँपालिकाको समन्वयमा संचालन हुने कृषि सँग सम्बन्धित विविध क्षमता विकासका तालिम गोष्ठीहरुमा सहभागी गराईने छ।

१०. सेवा सुविधा भुक्तानी सम्बन्धि व्यवस्था:

१) यो कार्यक्रम लागु भएपछि सम्बन्धित इकाईको सिफारिसको आधारमा सम्झौता अनुसारको सेवा सुविधा तथा अन्य रकम बैंक मार्फत भुक्तानी हुने छ।

११. ज्यालादारी कर्मचारी सँग सम्झौता: नर्सरी व्यवस्थापनको लागि ज्यालादारी कर्मचारी सँग अनुसुची(३) बमोजिम सम्झौता गरिने छ।

१२. अभिलेख तथा प्रगति प्रतिवेदन: यस कार्यक्रम कार्यविधिले निर्धारित गरेका सम्पूर्ण विषय अनुसारका कागजपत्रहरुको व्यवस्थापन गर्ने कार्य सम्बन्धित विषयगत निकायले गर्नेछ। यस कार्यक्रम संचालन पस्चात अनुगमन समितिको विषयगत निकायले अनुसुची (४) बमोजिम बार्षिक रुपमा अभिलेख राखे छ।

## परिच्छेद ४

## विविध

१३. बाधा अड्काउ फुकाउने: यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

१४. परिमार्जन तथा संशोधन:यो कार्यविधिलाई आवश्यक्ता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

१५. नर्सरी स्थापना तथा तालिम कार्यक्रम को लागि विनियोजित रकम खर्च गर्ने आधारहरु

क. सुचना प्रवाह एवं प्रचार प्रसार

ख. नर्सरी स्थापनाको लागि आवश्यक तालिम वितरणको लागि खर्च गर्न सकिने

ग. नर्सरी व्यवस्थापनको लागि करार नियुक्ति गरि तलव खर्च गर्न सकिने

घ. नर्सरी को कामका लागि गाउँपालिका भन्दा बाहिर जानु परे दैनिक भमण भत्ता खर्च गर्न सकिने

ङ.नर्सरी व्यवस्थापनको लागि आवश्यक सामाग्रि खरिद गर्न सकिने (जस्तै ग्रिन नेट, कुट्टे, कोदालो, सिकेचर, आदि)

च. नर्सरी स्थापनाका लागि गाउँपालिकाले आफ्नै जग्गामा गर्नु पर्नेछ । आफ्नो जग्गा नभएमा कम्तिमा १० वर्षको लागि लिजमा लिएको जग्गाको मासिक भाडा मा खर्च गर्न सकिने |

छ. यस अलावा फलफूल नर्सरीलाई प्रभावकारी रुपमा अघि बढाउन अन्य कृयाकलापहरु समेत आवश्यक देखेमा सोका लागि समेत खर्च गर्न सकिनेछ।

अनुसुची १

फाल्गुनन्द गाउँपालिका

गाउँपालिका स्तरिय नर्सरी व्यवस्थापन कार्यविधि २०७७

दफा ३ को उपदफा २ सँग सम्बन्धित

गाउँपालिका स्तरीय नर्सरी बाट वितरण गरिने बिरुवा माँगको लागि निवेदनको ढाँचा

मिति

श्रीमान् शाखा प्रमुख ज्यू

कृषि विकास शाखा

फाल्गुनन्द गा.पा.फाक्तेप पाँचथर

विषय: विरुवा माँग सम्बन्धमा।

महोदय,प्रस्तुत विषयमा यस फाल्गुनन्द गाउपालिका बाट वितरण हुने..............................जातको फलफुलको विरुवा निमानुसार पाँउ भनि यो निवेदन पेश गर्दछु।

निवेदक:

नाम:

ठेगाना:

सम्पर्क नं.:

अनुसुची २

फाल्गुनन्द गाउँपालिका

गाउँपालिका स्तरीय नर्सरी व्यवस्थापन कार्यविधि २०७७

दफा ८ को उपदफा १ सँग सम्बन्धित

ज्यालादारी कर्मचारीको सेवा सुविधा विवरण

- नेपाल सरकारको प्रचलित नियमानुसार

अनुसुची ३

फाल्गुनन्द गाउँपालिका

गाउँपालिका स्तरिय नर्सरी व्यवस्थापन कार्यविधि २०७७

दफा ११ को उपदफा १ सँग सम्बन्धित

ज्यालादारी कर्मचारी सँग सम्झौताको ढाँचा

फाल्गुनन्द गाउँपालिका

फाक्तेप पाँचथर

पाँचथर जिल्ला फाल्गुनन्द गाउँपालिका वडा नं...........निवासी म ............................................ फाल्गुनन्द गाउँपालिका स्तरीय नर्सरीमा ज्यालादारी कर्मचारीको रुपमा कार्य गर्न तपशिल बमोजिममा रहेर सम्झौता गर्न तयार छु।

१.यो सम्झौता पत्र ज्यालादारी कर्मचारी र फाल्गुनन्द गाउपालिका विच गाउँपालिका स्तरीय नर्सरी व्यवस्थापन कार्यक्रम कार्यन्वयनका लागि प्रयोजन गरिने छ।

२.यो सम्झौता भएको मितिले ७ दिन भित्र नर्सरीमा कार्य सुरु गर्नु पर्ने छ।

३.यो कार्य अरु कुनै तेस्रो पक्षलाई हस्तानतरण गर्न पाईने छैन।

४.गाउँपालिका स्तरिय नर्सरीमा विरुवा लगाउने,खनजोत गर्ने,गोडमेल गर्ने हेरचाह लागायतका सम्पुर्ण कार्य ज्यालादारी कर्मचारीले गर्नु पर्ने छ।

५.यस कार्यक्रममा कुनै पनि विवाद वा समस्या आएमा कार्यालयको निर्णयनै अन्तिम निर्णय हुने छ।

६.कार्यालय बाट यास कार्यक्रमको समय समयमा अनुगामन हुने छ।

७.अनुगमनको क्रममा निर्देशन अनुसार कार्य गरेको नपाईएमा तुरुन्त यस गाउँपलका स्तरीय नर्सरी बाट हटाईने छ।

८.यो सम्झौतामा उल्लेख गरेका कुराहरु प्रचलित एन नियम अनुसार हुनेछ।

................................ ज्यालादारी कर्मचारीको दस्तखत:

.................................. कार्यक्रम संयोजकको

नाम:

ठेगना:

कार्यालय प्रमुखको दस्तखत:

कार्यालयको छाप:

साक्षिहरु:

१.

२.

३.

अनुसुची ४

फाल्गुनन्द गाउँपालिका

गाउँपालिका स्तरीय नर्सरी व्यवस्थापन कार्यविधि २०७७

दफा ११ को उपदफा २ सँग सम्बन्धित

गाउँपालिका स्तरिय नर्सरी बाट वितरण गरीएको विरुवाहरुको अभिलेख

आ.व................

| क स | वितरण गरिएको विरुवा | जात | किसिम | | संख्या |
|---|---|---|---|---|---|
| | | | बिउ | कलमी | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले

निर्मल तुम्रोक

प्रमुख प्रशासकीय अधिकृत